*Tejganga Darpan, Vol.3, No.1, August 2024*

# बहुभाषिक शिक्षाको आधार मातृभाषा : माध्यमका रूपमा नेवार (नेपाल) मातृभाषाको अभ्यास

अञ्जली अधिकारी

उप-प्राध्यापक, महेन्द्ररत्न क्याम्पस, काठमाण्डौं, नेपाल

anjaliadhikari678@gmail.com

Received: June 4, 2024; Revised & Accepted: July 8, 2024

Copyright: Adhikari (2024)

This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0 International License.

**लेखसार**

बालकले सबैभन्दा पहिला प्राप्त गरेको पहिलो भाषा (मातृभाषा) लाई शिक्षाको माध्यम बनाएर अन्य भाषा विभिन्न भाषामा शिक्षा दिने अवधारणा मातृभाषामा शिक्षा हो । स्थानीय पाठ्यक्रम/स्थानीय भाषा पठनपाठनको माध्यम नेवार (नेपाल) भाषा भएको विद्यालयमा मातृभाषाको अभ्यास उजागार गर्ने उद्देश्य यस लेखको रहेको छ । बहुभाषिक शिक्षाका विभिन्न ढाँचाहरूमध्ये मातृभाषा संवर्धन कार्यक्रमलाई अध्ययन विश्लेषण  आधार प्रस्तुत लेखमा गुणात्मक पद्धतिअन्तर्गत घटना अध्ययन विधिको उपयोग गरिएको छ भने मुख्य 'फेनोमेना' (घटना) का रूपमा नेवार (नेपाल) मातृभाषाको उपयोगलाई लिइएको छ । तथ्य सङ्कलनका लागि बहुविधि (संलेख, सघन अन्तर्वार्ता र कक्षा अवलोकन) पद्धति अपनाइएको छ । सहभागीका रूपमा नेपाल भाषा शिक्षक, प्रधानाध्यापक र अवलोकनका लागि कक्षा ६ छनोट गरी प्राथमिक स्रोतका गुणात्मक तथ्य र बहुभाषिक शिक्षासम्बन्धी संलेखबाट द्वितीय स्रोतका तथ्य सङ्कलन गरिएको छ । यसरी प्राप्त जानकारीलाई थिमेटिक उपागमका आधारमा सार निर्माण गर्दै विभिन्न शीर्षक र उपशीर्षकमा विश्लेषण गरी लेखलाई अन्तिम रूप दिइएको छ । बहुभाषिक कक्षामा सबै विद्यार्थीको मातृभाषामा पठनपाठन गराउन सम्भव नभए पनि विद्यालयका विभिन्न गतिविधिमा जस्तै माध्यम, पत्राचार, संवाद, शैक्षणिक सामग्री, शिक्षक, अतिरिक्त क्रियाकलाप आदिमा नेवार (नेपाल) भाषाको सम्भाव्यता भएका विद्यालयमा गैर नेवार मातृभाषी विद्यार्थीलाई समेत बहुभाषामा (त्रैभाषिक) शिक्षा दिन सकिने कुरालाई अध्ययनको प्राप्ति मानिएको छ । मातृभाषालाई आधार मानी बहुभाषिक शिक्षा दिने सरकारका नीति र रणनीति अन्योलमा रहे पनि वैयक्तिक प्रयासबाट खोलिएका मातृभाषी विद्यालयले प्रारम्भिक कक्षादेखि विभिन्न भाषिक पृष्ठभूमिका बालबालिकालाई नेवार मातृभाषामा पढाउँदा बहुभाषिक सक्षमताको विकास साथै मातृभाषा संवर्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सकेको अवस्था अध्ययनको निष्कर्ष रहेको छ ।

**शब्दकुञ्जी :** मातृभाषामा शिक्षा, मातृभाषा माध्यम, मातृभाषा संवर्धन, बहुभाषिक सक्षमता, त्रैभाषिक शिक्षा

**विषय परिचय**

सबैका लागि शिक्षा भन्ने अभियान थालनी गरी विश्वभरी बहुभाषिक शिक्षाको चिन्तन प्रारम्भ गरेको जोमटेन सम्मेलन (सन् १९९०) मा नेपालले पनि मातृभाषाको माध्यमबाट शिक्षा दिने प्रतिवद्धता जनाएको देखिन्छ । यसै प्रतिबद्धता पूरा गर्नका लागि नेपाल अधिराज्यको संविधान (२०४७) ले प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो भाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउने (१८.२) हकको व्यवस्था गरेको देखिन्छ । मातृभाषालाई आधार बनाएर बहुभाषामा शिक्षा दिन बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका (२०६६) जारी गरी स्थानीय मातृभाषासमेत एक वा एकभन्दा बढी भाषाका माध्यमबाट दिइने शिक्षा बहुभाषिक शिक्षा भनी परिभाषित गरेको छ । बहुभाषिक शिक्षाले बालबालिकाको पहिलो (मातृभाषा) भाषालाई पठनपाठनको माध्यम बनाउन अभिप्रेरित गर्दछ । बहुभाषिक शिक्षाको उद्देश्य मातृभाषा, सरकारी भाषा र अन्तर्राष्ट्रिय भाषा गरी तिन ओटा भाषालाई शिक्षामा संलग्न गराउनु (युनेस्को, २०११) हो । जसले घरको भाषालाई शिक्षाको पहुँचमा पुऱ्याउन प्रोत्साहन गर्दछ ।

बहुभाषिक शिक्षा कार्यान्यन निर्देशिका (२०६६) को कार्यान्वयनका लागि परीक्षणस्वरूप २०६४-२०६६ सम्म आठओटा मातृभाषामा एकैपटक प्रारम्भ भएको परियोजनास्वरूप थालनी गरिएको मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यक्रमको वास्तविक उद्देश्यबमोजिम कार्यान्वयन हुन भने नसकेको अध्ययनले देखाएको छ (वज्राचार्य र अन्य, २०२०) । यसले एकातिर प्रभावकारी रूपमा मातृभाषाको माध्यमबाट पठनपाठन भएका विद्यालयको अध्ययन अनुसन्धान गरी नीति, रणनीति र शिक्षण ढाँचालाई सरकारी निकायले नमुनाका रूपमा लिन नसकेको देखिन्छ भने अर्कातिर सरकारले हालसम्म औपचारिक रूपमा मातृभाषाको माध्यमबाट पठनपाठनको थालनी गर्न नसकी स्थानीय पाठ्यक्रम/स्थानीय भाषा विषय भनी मातृभाषाका आधारमा दिइने बहुभाषिक शिक्षालाई सङ्कुचित पारेको अवस्थालाई अध्ययनमा रिक्तताको रूपमा लिइएको छ । वैयक्तिक प्रयासमा नेपाल (नेवारी) भाषाको माध्यमबाट प्रभावकारी रूपमा पठनपाठन भइरहेको अवस्था अध्ययनलाई यस लेखमा समस्याको रूपमा लिइएको छ । यसै सन्दर्भमा नेपाल (नेवारी) मातृभाषालाई आधार मानी प्रभावकारी रूपमा बहुभाषिक शिक्षा (त्रैभाषिक शिक्षा) को अभ्यास गरेको विद्यालयमा नेपाल ( नेवारी) मातृभाषा उपयोगको अवस्था  उजागार गर्ने उद्देश्य यस लेखको रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा गुणात्मक पद्धतिअन्तर्गत घटना अध्ययन (क्रेसवाल, २००६) सान्दर्भिक देखिएको छ । वैयक्तिक रूपमा नेपाल (नेवारी) भाषाको माध्यमबाट पठनपाठनका लागि स्थापना भएको पहिलो मातृभाषी विद्यालयमा नेपाल भाषाको उपयोगसम्बन्धी अध्ययन गर्न घटना अध्ययन विधि उपयुक्त मानिएको छ । यस अध्ययनमा मुख्य फेनोमेना (घटना) को रूपमा नेवार (नेपाल) मातृभाषाको उपयोगलाई लिइएको छ । तथ्याङ्क सङ्कलनका लागि बहुविधि (संलेख र सघन अन्तर्वार्ता र कक्षा अवलोकन) पद्धति अपनाइएको छ । तथ्याङ्क सङ्कलनका साधनका रूपमा अन्तर्वार्ता र कक्षा अवलोकन रहेका छन् । मातृभाषा संवर्धन कार्यक्रम ढाँचाको आधारमा विद्यालयमा नेपाल (नेवारी) भाषाको उपयोगको अवस्था अध्ययन गर्न खोजिएको यस लेखमा अध्ययनको क्षेत्र काठमाडौंस्थित नेपाल भाषाको माध्यमबाट पठनपाठनको थालनी गरिएको पहिलो विद्यालय रहेको छ । यस विद्यालयमा वि.सं. २०४७ देखि वैयक्तिक प्रयासमा नेवारी भाषाको माध्यम र विषयको रूपमा पठनपाठनको थालनी गरिएको र हाल वि.सं. २०७७ देखि स्थानीय पाठ्यक्रममा स्थानीय भाषा (नेवार) को माध्यमबाट कक्षा एकदेखि आठसम्म एकैपटक पठनपाठन हुँदै आएको देखिन्छ । नमुना सहभागीका रूपमा प्रधानाध्यापक, नेपाल भाषा शिक्षक रहेका छन् भने अवलोकनका लागि कक्षा ६ को नेपाल भाषा कक्षालाई लिइएको छ । अध्ययनलाई स्तरीय र विश्वसनीयता कायम गर्नका लागि त्रिकोणीय पद्धति अपनाउँदै बहुभाषिक शिक्षासम्बन्धी संलेखबाट द्वितीय स्रोतका तथ्याङ्क साथै कक्षा अवलोकन र अन्तर्वार्ताबाट प्राथमिक स्रोतका गुणात्मक तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी प्राप्त जानकारीलाई वर्णनात्मक र व्याख्यात्मक विधि अपनाएर विभिन्न शीर्षक र उपशीर्षकमा विश्लेषण गरी लेखलाई अन्तिम रूप दिइएको छ ।

## अध्ययनको आधार

मातृभाषा शिक्षा कार्यक्रमको एक प्रकारका रूपमा बहुभाषिक शिक्षा कार्यक्रमलाई लिन सकिन्छ । जसले सिकारूको भाषिक र संज्ञानात्मक विकासका लागि मातृभाषाका अतिरिक्त अन्य भाषालाई शिक्षणको माध्यम बनाउँछ । यस कार्यक्रमले सिकारूलाई मातृभाषाको माध्यमबाट शिक्षाको मूल धारमा ल्याई सोझै दोस्रो भाषामा भाषान्तरण हुन सहयोग गर्दछ (युनेस्को, सन् २०१०) । बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका विभिन्न ढाँचाहरूमध्ये एक महत्त्वपूर्ण ढाँचा मातृभाषा संवर्धन कार्यक्रम (Mother tongue maintenance program) हो । मातृभाषालाई शिक्षण सिकाइमा प्रयोग गर्नु नै मातृभाषा संवर्धन कार्यक्रमको अन्तर्वस्तु हो (काङ्गास, १९८९) । उनका अनुसार शिक्षण सिकाइका क्रममा शिक्षण माध्यम, सामग्री, संवाद, अतिरिक्त क्रियाकलाप, मातृभाषा माध्यममा प्रोत्साहन आदि सम्पूर्ण गतिविधिमा मातृभाषाको

उपयोग गरिन्छ । यस कार्यक्रमको उद्देश्य सिकारूलाई बहुभाषिक क्षमता प्राप्त गर्न र प्राप्तिलाई दुई वा सोभन्दा बढी भाषामा एक साथ मिलाउने सक्षमता हासिल गर्नु हो । जस्तैः स्वीडेनमा रहेका फिनिस आप्रवासीलाई फिनिस माध्यमबाट पढाउने र युएसएका चिचाना (chicana) विद्यार्थीलाई स्पेनिस माध्यमबाट पढाउनु । यसले बहुसङ्ख्यक समूहलाई आफ्नो भाषामा शिक्षा पाउने कानुनी अधिकार प्राप्त भएको अवस्था विद्यमान रहेको देखाउँछ (काङ्गास र कार्टे, २००८) । उनका अनुसार यस प्रकारको कार्यक्रम त्यस्तो ठाउँमा सफल हुन्छ, जहाँ सिकारूले आफ्नो भाषालाई सम्मान गर्ने र सकारात्मक रूपमा लिने गर्दछन् ।

नेपालमा अल्पसङ्ख्यक एवम् आदिवासीका भाषा र संस्कृतिलाई संरक्षण र संवर्धनका लागि मातृभाषामा शिक्षा दिन नेपाल अधिराज्यको संविधान (२०४७) को प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो भाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउने (१८.२) हकको व्यवस्था गरिएको छ । यसै व्यवस्थाअनुसार स्थापना भएको विद्यालयमा नेवार (नेपाल) भाषाको माध्यमबाट भाषा विषय (नेपाली र अङ्ग्रेजी) बाहेक अन्य सबै विषयको माध्यम नेपाल भाषा हुने गरेका देखिन्छ । हाल भने विद्यालयमा बहुभाषिक विद्यार्थीहरू भएकाले माध्यमका रूपमा स्थानीय पाठ्यक्रम/स्थानीय विषय (नेपाल भाषा) को पठनपाठनमा केन्द्रित देखिन्छ । विद्यालयमा माध्यम र विषयका रूपमा नेपाल भाषाको पठनपाठन हुन छोडे पनि मातृभाषा संवर्धन कार्यक्रमको उद्देश्यबमोजिम विद्यालयका गतिविधिमा नेपाल भाषा प्रयोगबारे अध्ययन गर्न उपयोगी मानिएकाले यस ढाँचाका आधारमा अध्ययन गर्न खोजिएको छ ।

## मातृभाषामा शिक्षाको सैद्धान्तिक अवधारणा

बालकले परिवारमा सबैभन्दा पहिला जुन भाषिक वातावरण प्राप्त गर्दछ सोही भाषालाई नै मातृभाषा (पहिलो) भाषा भनिन्छ । मातृभाषामा शिक्षा भन्नाले विद्यार्थीको पहिलो वा उसले घरमा बोल्ने भाषालाई विद्यालयमा शिक्षण सिकाइको माध्यम भाषाको रूपमा प्रयोग गरिएको अवस्थालाई जनाउँछ (शैजविके, २०७२) । औपनिवेशिक र गम्भीर प्रकृतिका राजनैतिक परिवर्तनपछि देशहरूमा भएका सयौँ मातृभाषाहरू विभिन्न कारणले खतरामा रहने र जातिको स्थानीय पहिचान हराउन सक्ने अवस्थालाई केन्द्रमा राखी मातृभाषालाई शिक्षामा उपयोग गर्ने मुद्दा अघि बढेको देखिन्छ (युनेस्को, सन् २००३) । यसका आधारमा भाषा र शिक्षालाई जोडेर लैजाँदा हरेक भाषाको अस्तित्व र जातीय पहिचान जोगाउन सकिने धारणा विकसित भएको देखिन्छ । नेपालले शिक्षामा मातृभाषाको उपयोग गर्ने अभियान (जोमटेन, सन् १९९०) मा संलग्न भई अन्तर्राष्ट्रिय स्तरमासमेत प्रतिबद्धता जनाएको देखिन्छ । सोही प्रतिबद्धता पूरा गर्न बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका (२०६६) तयार पारी परियोजना सञ्चालन गरेको पाइन्छ । उक्त

परियोजनाको मूल्याङ्कनले परियोजनाको उद्देश्यबमोजिम परीक्षण अवधीभर मातृभाषामा आधारित द्विभाषिक शिक्षा मोडलको प्रयोग गरे पनि २०११ देखि आर्थिक सहायता पाउन छोडेपछि मातृभाषा माध्यम कि विषय भन्नेमा उत्पन्न द्विविधाले आधाभन्दा बढी विद्यालयले विषयका रूपमा मातृभाषा पढाउन थालेको देखाएको छ (सील र अन्य, २०१५) । यसका साथै विद्यालयले कक्षा एकमा बहुभाषी (उराँव, थारू र मैथिली) विद्यार्थीको समूह विभाजन नगरी १५-१५ मिनेट माध्यमका रूपमा पढाउने गरेको २ र ३ कक्षामा विषयको रूपमा पढाउने गरेको देखाइएको छ । यसैगरी बालविकास केन्द्रले भने नेपाली माध्यम अपनाउने गरेको देखिएकाले मातृभाषामा शिक्षाको अवधारणा नीति र रणनीति तयार गर्नेमा स्पष्ट हुन नसकेको देखिन्छ । तसर्थ बहुभाषिक र बहुजातीय देश नेपालका विद्यालयमा कार्यान्वयन भइरहेको बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका (२०६६) अनुसार शिक्षामा मातृभाषाका लागि अभ्यासमा ल्याइएको बहुभाषिक शिक्षा पद्धति अन्योल देखिन्छ ।

शिक्षामा मातृभाषाको उपयोग गर्ने सन्दर्भमा मातृभाषा माध्यम (मातृभाषामा), विषय (मातृभाषाको) र मातृभाषामा आधारित बहुभाषिक शिक्षा (मातृभाषाको माध्यमबाट अन्य भाषामा भाषान्तरण) अवधारणा विकसित भएको पाइन्छ । जसअनुसार शिक्षामा मातृभाषा भन्नाले (क) माध्यमका रूपमा मातृभाषा, (ख) विषयका रूपमा मातृभाषा भन्ने बुझिन्छ (बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका, २०६६: ३) । माध्यमका रूपमा मातृभाषाले भाषा विषय बाहेकका सबै विषयको शिक्षण सिकाइको माध्यम विद्यार्थीको मातृभाषा हुने भन्ने बुझिन्छ । जुन वैयक्तिक प्रयासबाट नेवार (नेपाल) भाषाको माध्यमबाट पढाउनकै लागि स्थापना भएको बाहेक औपचारिक रूपमा हालसम्म कुनै पनि विद्यालय सञ्चालन हुन नसकेको देखिन्छ (भाषा आयोग अध्यक्ष, अन्तर्वार्ता, २०८०/४/७) । निश्चित तहसम्म मातृभाषाको माध्यमबाट पठनपाठन भएपछि मातृभाषाको निरन्तरताका लागि विषयका रूपमा मातृभाषालाई एक विषयका रूपमा पढाउनु विषयका रूपमा मातृभाषा हो (युनेस्को, सन् २०१०) । हाल नेपालमा बहुभाषिक शिक्षामा मातृभाषाको उपयोग गर्ने सिद्धान्त र ढाँचाभन्दा भिन्न ढाँचामा स्थानीय सरकार सञ्चालन ऐन (२०७४) को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने व्यवस्थाअनुसार स्थानीय पाठ्यक्रम/स्थानीय विषय (मातृभाषा) लाई विषयको रूपमा मानी स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन निर्देशिका (२०७६) तयार पारी शैक्षिक सत्र २०७७/२०७८ देखि अनिवार्य रूपमा भिन्न भिन्न ढाँचामा भिन्न भिन्न भाषाको माध्यमबाट पठनपाठनको थालनी भएको देखिन्छ । यसका आधारमा नेपालमा मातृभाषामा शिक्षाको अवधारणा भिन्न भिन्न तरिकाले विकास भएको देखिन्छ ।

**प्रयोगपरक अध्ययन**

आचार्य र अन्य (सन् २००९) को अध्ययनले नेपालमा बहुभाषिक शिक्षासम्बन्धी नीति छरिएर एक आपसमा

बाझिएको देखाएको छ । साथै प्रशिक्षित एवम् स्थानीय भाषाका शिक्षक र कक्षाकोठाको व्यवस्थापनको अभावमा बहुभाषिक शिक्षा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको देखाइएको छ । बहुभाषिक शिक्षा कार्यान्वयनका क्रममा चरणबद्ध रूपमा गरिने हो भने त्यसको थालनी एकल भाषी समुदायका विद्यालयमा कक्षा १-३ सम्म शिक्षणको माध्यम मातृभाषा, कक्षा ४-५ मा मातृभाषा माध्यम भए पनि दोस्रो भाषामा सङ्क्रमणको व्यावहारिक प्रयोग, कक्षा ६-८ पछि शिक्षण सिकाइको माध्यम दोस्रो भाषालाई बनाउन उपयोगी हुन्छ भन्ने उल्लेख गरेको छ । यसैगरि लोप्चन (२०७६) को अध्ययनले नेपालमा मातृभाषा शिक्षा र बहुभाषिक शिक्षाप्रतिको अवधारणा स्पष्ट हुन नसकेका कारण तामाङ मातृभाषा शिक्षालाई बहुभाषिक शिक्षा भन्ने भ्रम सरोकारवालाहरूमा रहेको, मातृभाषालाई संज्ञानात्मक विकासको आधार मान्न सरोकारवालाहरू नै तयार नभएको र अपेक्षित सफलता हासिल गर्न नसकिएको देखाएको छ ।

सील र अन्य (सन् २०१५) को अध्ययनले परीक्षण अवधीभर मातृभाषामा आधारित द्विभाषिक शिक्षा मोडलको प्रयोग गरे पनि २०११ देखि भने हरेक विद्यालयले आफ्नै खालका शिक्षण मोडल उपयोगमा ल्याएको, अध्ययनबाट कुनै विद्यालय अङ्ग्रेजी माध्यमतर्फ त कुनै अङ्गेजीबाट नेपालीतर्फ मोडिनु साथै मातृभाषा उपयोग ढाँचा नै अन्योल भएकाले बहुभाषिक शिक्षा कार्यक्रम प्रभावकारी हुन नसकेको निष्कर्ष निकालेको छ । त्यस्तै काङ्गास र मोहन्टी (२०२०) को अध्ययनले नेपालमा भाषा नीति र योजनाको उद्देश्य निर्धारण गर्दा राजनैतिक बहसमा भन्दा बढी भाषिक सक्षमताको आधारमा केन्द्रित हुनु पर्ने कुरालाई जोड दिएको छ । नेपालका अल्पसङ्ख्यक र आदिवासी बालबालिका लागि नाइजेरियामा प्रभावकारी मानिएको र युनेस्को (सन् २०११) ले सुझाएझैं त्रैभाषिक नीति नेपालमा उपयुक्त हुने अध्ययनले सुझाएको छ । जसअनुसार पहिलो भाषा (मातृभाषा) लाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप विकासमा जोड दिने र उक्त सिपलाई दोस्रो भाषा नेपालीमा सङ्क्रमण गराउनुका साथै अङ्ग्रेजी भाषाको उपयोग गरिन्छ । परिणास्वरूप सबै नेपाली बालबालिकाले गुणात्मक शिक्षा हासिल गर्नुका साथै कक्षा छोड्ने र कक्षा दोहोर्‍याउने दरमा कमी ल्याउनमा महत्त्वपूर्ण भूमिका खेल्दछ । अध्ययनले नेपालमा बहुभाषिक शिक्षा कार्यान्वयनका लागि वैज्ञानिक सिकाइ सिद्धान्त र स्पष्ट मोडल तय गरे प्रभावकारी हुने देखाएको छ ।

माथिका अध्ययनका आधारमा सरकारी तहबाट बहुभाषिक शिक्षाका लागि मातृभाषामा शिक्षा कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय स्तरमा विकसित अवधारणा, सिद्धान्त र मोडलहरू हुबहु नेपालका बहुभाषिक कक्षामा उपयोग गर्न नसकिने देखिन्छ ।

**परिणाम र छलफल**

प्रस्तुत लेखको उद्देश्य विद्यालयमा बहुभाषिक शिक्षाका सन्दर्भमा नेवार (नेपाल) मातृभाषाको अभ्यासको

अवस्था उजागार गर्ने रहेको छ । विद्यालयमा नेपाल भाषा उपयोगको वास्तविक अवस्थाबारे अध्ययनका लागि बहुभाषिक शिक्षासम्बन्धी संलेख, प्रधानाध्यापक र भाषा शिक्षकसँगको अन्तर्वार्ता साथै कक्षा अवलोकनबाट प्राप्त जानकारी एवम् तथ्यलाई निम्नानुसार शीर्षक र उपशीर्षकमा विभाजन गरी प्रस्तुत गरिएको छ :

**बाझिएका मातृभाषामा शिक्षासम्बन्धी व्यवस्था**

नेपालमा वि.सं. २०४६ सालको परिवर्तनपछि मातृभाषामा शिक्षासम्बन्धी बहस थालनी भएको देखिन्छ । यसका लागि संविधानहरू (वि.सं. २०४७ १८.२, वि.सं. २०६३, धारा १७.१ र वि.सं. २०७२ धारा ३१.५) मा प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने मौलिक हकको व्यवस्थासमेत गरिएको छ । तर पनि मातृभाषामा शिक्षासम्बन्धी गरिएका व्यवस्था, नीति र रणनीतिहरू भने छरिएका र एकआपसमा बाझिएका देखिन्छन् (आचार्य र अन्य, सन् २००९) । राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन ( २०५०) ले शतप्रतिशत मातृभाषी विद्यार्थीहरू भएका प्राथमिक विद्यालयमा मातृभाषाका माध्यमबाट शिक्षा दिनु पर्ने, दुई किसिमका मातृभाषी विद्यार्थीहरू भएका विद्यालयमा द्विभाषिक शिक्षा र बहुभाषी विद्यार्थीहरू भएका विद्यालयमा राष्ट्रभाषाको माध्यमबाट शिक्षा दिनु उपयुक्त हुने सुझाएको छ । उक्त सुझाव हाल मातृभाषामा आधारित बहुभाषिक शिक्षा र मातृभाषामा शिक्षासम्बन्धी विकसित अवधारणाका तुलनामा वैज्ञानिक र स्पष्ट सुझाव मानिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०६२) तथा (२०७६) मातृभाषामा शिक्षा पाउने अवस्थाको सुनिश्चितताका लागि सम्बन्धित बालबालिकाका अभिभावक र विद्यालयको परामर्शमा कक्षा १-३ सम्म साप्ताहिक ५ पाठ्यभार र कक्षा ४-८ सम्म साप्ताहिक ४ पाठ्यभारका लागि स्थानीय पाठ्यक्रमको रूपमा मातृभाषा वा स्थानीय विषय अनिवार्य र माध्यमिक तहमा ऐच्छिक विषयका रूपमा मातृभाषामा पठनपाठन गराउने व्यवस्था गरेको छ । यो व्यवस्था मातृभाषामा शिक्षाका लागि भए र गरेका व्यवस्थासँग बाझिएको देखिन्छ । जसले माध्यमका रूपमा मातृभाषालाई विषयमा रूपमा मोडिदिएको छ । विषयका रूपमा पढाउने मातृभाषा छनोटका विद्यालयमा रहेका बहुसङ्ख्यक विद्यार्थीको सङ्ख्यालाई  लागि आधार मान्नुपर्ने (प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ र २०६५) व्यवस्था गरिएको छ ।

अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित अवधारणाअनुसार नेपालमा मातृभाषालाई आधार बनाएर बहुभाषामा शिक्षा दिनका लागि नेपालले बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका (२०६६) तयार गरेको देखिन्छ । उक्त निर्देशिकामा स्थानीय मातृभाषासमेत एक वा एकभन्दा बढी भाषाको माध्यमबाट दिइने शिक्षा नै बहुभाषिक शिक्षा भनी परिभाषित गरेको छ । एकातिर यस निर्देशिकाले पुनः मातृभाषामा शिक्षा दिने उद्देश्यले राखेको देखिन्छ भने अर्कातिर कार्यान्वयनका क्रममा परीक्षण गरिएको बहुभाषिक शिक्षा अभ्यासको मूल्याङ्कनले बहुभाषिक शिक्षासम्बन्धी नीति छरिएर एक आपसमा बाझिएको हुनाले बहुभाषिक शिक्षा कार्यक्रम

प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको औंल्याएको छ (आचार्य र अन्य, सन् २००९) । उक्त अध्ययनले बहुभाषिक शिक्षा कार्यान्वयनका क्रममा चरणबद्ध रूपमा गरिने हो भने त्यसको थालनी एकल भाषी समुदायका विद्यालयमा कक्षा १-३ सम्म शिक्षणको माध्यम मातृभाषा, कक्षा ४-५ मा मातृभाषा माध्यम भए पनि दोस्रो भाषामा सङ्क्रमणको व्यावहारिक प्रयोग, कक्षा ६-८ पछि शिक्षण सिकाइको माध्यम दोस्रो भाषालाई बनाउन उपयोगी हुने कुरालाई प्राप्तिका रूपमा लिइएको छ । यसरी हेर्दा मातृभाषामा शिक्षा दिनको लागि गरेका व्यवस्था र नीति एवम् रणनीति एकआपसमा बाझिएकाले मातृभाषामा शिक्षा वा मातृभाषाको शिक्षा भन्नेमा स्पष्ट हुन नसकेको देखिन्छ । विद्यालयले भने मातृभाषामा शिक्षा पाउने संवैधानिक अधिकारलाई उपयोग गरी वैयक्तिक प्रयासमा मातृभाषामा शिक्षा दिएको देखिन्छ ।

मातृभाषालाई शिक्षामा के कसरी उपयोग गर्ने भन्ने अस्पष्ट रहँदारहँदै पनि योजना, नीति र रणनीति भने तय हुँदै गएको देखिन्छ । प्राथमिक शिक्षा पाठ्यक्रम (२०६२) तथा (२०६५) ले प्राथमिक तह (१-५) मा स्थानीय विषय वा मातृभाषा विषयको पठनपाठन गराउने र मातृभाषाको छनोट गर्दा बहुसङ्ख्यक विद्यार्थीले बोल्ने भाषालाई आधार बनाउनु पर्ने व्यवस्था गरेको देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन (२०७४) को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने व्यवस्थाअनुसार स्थानीय पाठ्यक्रम/स्थानीय विषय ( मातृभाषा) लाई विषयको रूपमा मानी स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन निर्देशिका (२०७६) तयार पारी शैक्षिक सत्र २०७७/२०७८ देखि बहुभाषिक कक्षामा स्थानीय विषय वा मातृभाषाको पठनपाठन व्यवस्था गरेको छ । उक्त व्यवस्थाले मातृभाषा विषयको छनोटका लागि भने बहुसङ्ख्यक विद्यार्थीले बोल्ने भाषालाई भने आधार बनाएको देखिँदैन ।


यसरी मातृभाषामा शिक्षासम्बन्धी भए गरेका व्यवस्थाहरू एक आपसमा बाझिएका र मातृभाषालाई शिक्षामा कसरी उपयोग गर्ने भनी स्पष्ट मार्गचित्र तय नभएको देखिन्छ । यसैको परिणामस्वरूप विद्यालयमा मातृभाषामा शिक्षाको प्रयोजनबारे स्पष्ट हुन नसकी मातृभाषामा शिक्षासम्बन्धी नीति, रणनीति र कानुनी व्यवस्थाहरू नै अस्पष्ट रहेको देखिन्छ ।

**माध्यमका रूपमा नेवार (नेपाल) मातृभाषासम्बद्ध विद्यालय**

वि.सं. २०४७ को जनआन्दोलनपछिको नयाँ संविधानमा मातृभाषाको माध्यमबाट शिक्षा लिन पाउने व्यवस्था भएपछि २०४७ फागुन १२ गते विद्यालय स्थापना भएको थियो । हाल विद्यालयमा कक्षा नर्सरीदेखि कक्षा १० सम्म नेपाल भाषाको पठनपाठन हुने गरेको देखिन्छ । काठमाडौंका पिछडिएका नेवार भाषी बालबालिकालाई कम शुल्कमा नेवार भाषाको माध्यमबाट पढाउने उद्देश्य (मानन्धर, २०५७) ले स्थापना भएको उक्त

विद्यालयमा विशेष गरी काठमाडौंका पिछडिएका नेवारी बालबालिकालाई न्यूनतम शुल्कमा नेपाल भाषाको माध्यमबाट पढाएर नेवाः भाषा संस्कृति सिकाउन जगैदेखि नेपाल भाषाको माध्यमबाट पढाइएको थियो । हाल विद्यालयको आधारभूत तहका कक्षामा भर्ना भएका विद्यार्थीहरूमध्ये माथिल्लो कक्षामा भन्दा बालविकास कक्षामा नेवार भाषी विद्यार्थीहरू धेरै रहेकाले थालनीदेखि नै नेपाल भाषाको माध्यमले भाषिक समायोजन गर्ने अभ्यास भएको देखिन्छ । शैक्षिक सत्र २०७७ देखि काठमाडौं महानगरपालिकाको निर्णयअनुसार अनिवार्य रूपमा १ देखि कक्षा ८ सम्म एकैपटक स्थानीय पाठ्यक्रममा 'लिधंसाय् नेपाल भाषाया सफू यें देय्म्हसीके' ( काठमाडौं चिनारी) नामक पाठ्यपुस्तकलाई विषयका रूपमा पढाउने गरेको पाइयो । उक्त विषय शिक्षणको माध्यम भने नेवार (नेपाल) भाषा रहेको पाइयो । कक्षा ९ र १० मा भने नेपाल भाषालाई ऐच्छिक विषयका रूपमा निरन्तरता दिइएको पाइयो । हाल विद्यालयको आधारभूत तहमा विभिन्न भाषिक पृष्ठभूमिका विद्यार्थीहरू रहेको निम्नानुसारको चित्रले स्पष्ट पार्दछ ।

**चित्र १.** *शैक्षिक सत्र २०७८/२०७९ अनुसार आधारभूत तहका विद्यार्थीको भाषिक पृष्ठभूमि*




**स्रोतः** विद्यालय अभिलेख

विद्यालयको अभिलेख २०७९ अनुसार विद्यालयको आधारभूत तहमा नेवारी समुदायका ५१ प्रतिशत, तामाङ १५ प्रतिशत, ब्राह्मण/क्षेत्री १४ प्रतिशत, मगर ७ प्रतिशत, दलित ३ प्रतिशत, मुस्लिम ३ प्रतिशत, मधेसी ३ प्रतिशत, चेपाङ, थारू, गुरूङ र अन्य समुदायका विद्यार्थीहरू ४ प्रतिशत विद्यार्थी रहेका छन् । विषयका रूपमा पढाउने मातृभाषा छनोटका क्रममा विद्यालयमा रहेका बहुसङ्ख्यक विद्यार्थीको सङ्ख्यालाई आधार ( प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ र २०६५) मानी नेवार (नेपाल) भाषा विषय शिक्षणको थालनी गरेको देखिन्छ ।

**नेवार (नेपाल) भाषा मातृभाषा संवर्धन कार्यक्रम (मदरटङ्ग मेन्टिनेन्स कार्यक्रम)**

मातृभाषालाई शिक्षण सिकाइमा प्रयोग गर्नु नै मातृभाषा संवर्धन कार्यक्रम (काङ्गास, १९८९) भएकाले शिक्षण सिकाइका विभिन्न गतिविधिमा नेवार (नेपाल) भाषाको उपयोगलाई निम्नानुसार उपयोग गरेको पाइयो ।

**शिक्षण सिकाइमा माध्यमका रूपमा नेवार (नेपाल) भाषाको उपयोग :** विभिन्न मातृभाषाका विद्यार्थीहरू रहेको कक्षामा स्थानीय पाठ्यक्रम वा स्थानीय भाषाका रूपमा नेपाल भाषा विषयको शिक्षण सिकाइ क्रियाकलापका सन्दर्भमा कक्षा ६ मा एकाइ ७ अन्तर्गत मिला (चन्द्रमा) नामक पाठको उच्चारण शिक्षण भइरहेको पाइयो । कक्षाको थालनीमा अभिवादन गर्ने क्रममा शिः जज्वलपा विः जज्वलपा मेम, शिः फेतुना ढिस, विः सुभ्या मेम भनी नेवार भाषामा कक्षाका सबै विद्यार्थीले उच्चारण गरेको पाइयो । पठनपाठनका क्रममा नर्सरीदेखि सोही विद्यालयमा पढेका नेवार मातृभाषी विद्यार्थीलाई संयुक्त शब्दहरूको उच्चारणमा र बोधमा कुनै समस्या नभएको देखियो । यसैगरी गैर नेवार मातृभाषी विद्यार्थीलाई सरल शब्द उच्चारण कुनै समस्या नभएको तर सुर्द्यः, भिंछ्गः र भिन्ह्युग जस्ता संयुक्त अक्षरबाट बनेका शब्दहरूको उच्चारणमा कठिनाइ परेको पाइयो । शैक्षिक सत्रको बिच समयमा भर्ना भएका गैर नेवार मातृभाषी विद्यार्थीले भने शिक्षकका निर्देशन पनि नबुझ्ने भएकाले नेपाल भाषा विषयको कक्षामा हल्ला गरेर मात्र बस्ने गरेको पाइयो । जस्तैः

> वि १ः (नेमाभा) मिलाया पृथ्वी लिसे लिसे सुर्द्यःपाखे जूगु खाः (स्पष्ट उच्चारण गर्न सकेको) शिक्षकबाट धेरै गाली खाने र अन्य विद्यार्थीले पढ्न जानेन भनेर गिजाउने गरेको अवस्था ।
>
> वि २ः (गैनेमाभा-नर्सरीदेखि नेपाल भाषा पढेको) सरल भाषा उच्चारण सजिलै गर्ने तर संयुक्त शब्दहरू थ्य, सुर्द्यः उच्चारण गर्न समस्या भएको ।
>
> वि ३ः (हिन्दी मातृभाषी, कक्षा ४ पछि भर्ना भएको पढाइतिर चासो नदेखाई हल्ला गर्नेलाई पढ्न लगाउँदा) कुनै पनि शब्द उच्चारण गर्न नसकेर घोसे मुन्टो लगाएको
>
> शिः हाल्मटे ? (के गरेको ? चर्को स्वरमा पढ्न नआउने भएपछि चुप लागेर बस् (आक्रोस मिसिएको)
>
> वि १ः मेम यसलाई सुर्द्य नै भन्न आएन, गलल्ल सबै हाँस्छन् ।
>
> (नेमाभा- नेवार मातृभाषा, गैनेमाभा- गैर नेवार मातृभाषी)

यसरी शिक्षकले नेपाल भाषाको माध्यमबाट पढाउँदा नेवार मातृभाषाका विद्यार्थीलाई सजिलो भए पनि अन्य विद्यार्थीलाई सहज भएको देखिँदैन । कक्षामा पढाइ भइरहँदा नेवार मातृभाषी विद्यार्थीहरू सक्रियताका साथ भाग लिइरहेका भए पनि अन्य मातृभाषाका विद्यार्थीहरूको कम सक्रियता देखियो । कक्षामा नेपाल भाषामा पढाउँदा विद्यार्थीले बुझ्न सकेनन् भने अन्य भाषामा बुझाउने प्रयास नभएको देखियो । यसले बालकालिकालाई मातृभाषामा पढाउनु अपरिहार्य छ (यादव, २०२१) देखाउँछ । विद्यार्थीले नेपाली भाषामा प्रश्न सोध्ने तर शिक्षकले नेवार भाषामा उत्तर दिँदा गैर नेवार मातृभाषाका विद्यार्थीमा विषयवस्तुप्रति

ध्यानाकर्षण हुन नसकेको र शिक्षकले सो कुरा बुझ्न नसकेको पाइयो । यसबाट स्पष्ट हुन्छ कि विद्यार्थीले आफ्नो मातृभाषामा राम्रो अन्तरक्रिया गर्ने, सोच्न सक्ने र विषयवस्तु बुझ्ने भएकाले (फ्याक, सन् २०२१) अन्य मातृभाषी विद्यार्थीको तुलनामा नेवार मातृभाषाका विद्यार्थीलाई नेपाल भाषा माध्यम उपयोगी भएको पाइयो ।

**विद्यालय व्यवस्थापन मा नेवार (नेपाल) भाषाको उपयोग :** विद्यालयका सूचना, परिपत्र र विद्यालयलाई प्राप्त प्रमाणपत्र आदिमा नेपाल (नेवारी) धेरै र आंशिक रूपमा अङ्ग्रेजी माध्यमको उपयोग भएको देखिन्छ । सूचना पाटीमा शिक्षक र विद्यार्थीद्वारा सिर्जित कला, सिर्जना र जानकारीको माध्यम नेपाल भाषा रहेको देखिन्छ । विद्यार्थीको हाजिरीका लागि भने अङ्ग्रेजी माध्यमको उपयोग गरेको देखिन्छ । यसका साथै विद्यार्थीले विद्यालयका भेला, सभाहरू र शिक्षक शिक्षकका बिचको माध्यम नेपाल भाषा रहेको पाइयो । कक्षाबाहिर शिक्षक र विद्यार्थीबिचमा हुने कुराकानीको माध्यम पनि नेपाल भाषा नै रहेको देखिन्छ ।

यसैगरी विद्यालय परिवारलाई प्रदान गरिने निमन्त्रणा पत्र र अन्य चिठी पत्रको माध्यमसमेत नेपाल भाषा रहेको पाइयो । विद्यालयका सूचना पाटीमा शिक्षक र विद्यार्थीका तर्फबाट टाँगिएका चित्र र जानकारीहरूको माध्यम पनि नेपाल भाषा रहेको देखिन्छ । यसले मातृभाषा बोलेर मात्र नभै विद्यालयका विभिन्न गतिविधिमा उपयोग गरेमा मात्र मातृभाषाको संवर्धनमा सघाउ पुर्‍याउने देखिन्छ ।

**शैक्षणिक सामग्री (पाठ्यपुस्तक, शिक्षण सामग्री, भाषा लिपि र संस्कृति)** : माध्यमका रूपमा नेपाल भाषाको उपयोगका क्रममा उपयोग गरिने शैक्षणिक सामग्रीहरू नेपाल भाषासँग सम्बन्धित र नेवार संस्कृति र परम्परा झल्काउने खालका पाइयो । विद्यालयमा रहेका वि.सं. २०७८ सालदेखि भने काठमाडौं महानगरपालिकाले अनुदानका रूपमा प्रदान गरेको कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यक्रममा आधारित भई तयार पारेको नेपाल भाषा विषयको 'यँ देय् म्हसीके' (काठमाडौंको चिनारी) नामक पुस्तक उपयोग गरेको देखियो । नेपाल भाषा विषयका रूपमा उपयोग गरिने पुस्तकको नाममा रञ्जना र नेपाल भाषा लिपिको उपयोग गरिएको देखियो । पाठ्यपुस्तक भने नेपाल भाषालाई देवनागरी लिपिमा लेखिएको पाइयो । विद्यालयमा रञ्जना लिपिको उपयोग भने शिलालेख, विद्यालयले प्रदान गर्ने प्रमाण पत्र र महत्त्वपूण कागजातहरूको माथिल्लो भागमा उपयोग गरेको पाइयो । विद्यालयमा नेपाल भाषाका साहित्यिक, ऐतिहासिक र सांस्कृतिक पक्षलाई स्पष्ट पार्ने खालका पुस्तक र पत्रपत्रिका उल्लेख्य मात्रामा रहेको देखियो । नेपाल भाषा विषयका प्रत्येक पाठलाई बुझाउन सहज हुने गरी सङ्कलन गरिएका भाषा र संस्कृति झल्काउने सामग्रीहरू शैक्षणिक सामग्रीका रूपमा उपयोग गर्ने गरेको पाइयो । उक्त सामग्रीहरूले नेवारी समुदायको जन्मदेखि मृत्यु संस्कारसम्मको जानकारी दिने देखिन्छ ।

**नेपाल भाषा माध्यममा प्रोत्साहन कार्यक्रम**

विद्यालयमा विद्यार्थीहरूले सकेसम्म नेवार (नेपाल) भाषाको उपयोग गरून् भनेर विभिन्न किसिमका कामहरू गर्ने गरेको पाइयो । नेपाल भाषामा उत्कृष्ट नम्बर ल्याउनेलाई शान्तिकोष पुरस्कार, लक्ष्मी नारायण-पुनमाया सिरूपा स्मृति दिवसमा पुरस्कार दिने प्रावधान रहेको पाइयो । विद्यालयमा नेपाल भाषामा कथा र कविता लेखन र वाचन कार्यक्रम सबै सहभागी नेवार मातृभाषी रहेको पाइयो । त्यस्ता कार्यक्रमहरू नेवार मातृभाषाका विद्यार्थीमा लक्षित भएको पाइयो । विद्यार्थीहरूले वाचन गर्ने कथा र कविता भने नेपाल भाषाका साहित्यिक व्यक्तित्वले रचना गरेका हुने रहेछन् । नेवार समुदायका बालबालिकाले आफ्नो मातृभाषा बोल्न छोड्दै गएको अवस्थामा नेपाल भाषाको माध्यमबाट पढाउँदै सिर्जनात्मकतातर्फ उत्सुकता जगाउन यस्ता कार्यले ठूलो भूमिका खेल्ने गरेको कार्यक्रममा विद्यार्थीको उत्साहपूर्ण सहभागिताले स्पष्ट पार्‍यो । यस्ता गतिविधिले नेवार मातृभाषा बोल्न छोड्दै गएका विद्यार्थीलाई मातृभाषाप्रति मोह बढाउनुका साथै मातृभाषा संवर्धनमा ठूलो सहयोग गर्ने गरेको पाइयो ।

**अतिरिक्त कार्यक्रम/सह क्रियाकलामा नेपाल (नेवारी) माध्यम भाषा**

विद्यालयमा हुने अतिरिक्त क्रियाकलाप (हाजिरीजवाफ, खेलकुद, सांस्कृतिक कार्यक्रम, वार्षिक कार्यक्रम, कथा एवम् कविताबाचन कार्यक्रम) र प्रतियोगितामा माध्यमका रूपमा नेवार भाषाको उपयोग हुने गरेको पाइयो । कार्यक्रममा टाँगिने तुलमा नेवार भाषाका रञ्जना र नेपाल लिपिको उपयोग भएको पाइयो ।

**त्रैभाषिक शिक्षाको अभ्यास**

विद्यालयले स्थापनाकालदेखि एलकभाषिक (नेवार/नेपाल) माध्यम अपनाएको पनि हाल तीनओटा भाषा ( नेवार, नेपाली र अङ्ग्रेजी) लाई शिक्षण सिकाइको माध्यम बनाएको देखिन्छ । विद्यालयमा विभिन्न भाषिक पृष्ठभूमिका विद्यार्थीहरू आउन थालेपछि नेवार भाषालाई नेपाल भाषा विषयको माध्यम मात्र बनाइएको जानकारी भयो । यसै प्रसङ्गमा सहभागी (प्रअ) को भनाइ रहेको छ:

> *पहिला नेवार मातृभाषाका विद्यार्थी मात्र भएकाले भाषा विषय (नेपाली र अङ्ग्रेजी) समेत नेपाल भाषाको माध्यमबाट पढाउने गरका थियौं । जसले गर्दा विद्यार्थीको पढाइ, लेखाइ र साक्षरताको जग बलियो बनाएको थियो । पछि नेवार भाषामा पढाएर के काम ? भन्ने प्रश्न गर्दै अभिभावकले अङ्ग्रेजी माध्यमबाट पढाउने विद्यालयमा बालबालिका लैजान थालेपछि विद्यालय सुचारू हुन कठिन भयो । त्यसकारण अन्य मातृभाषाका विद्यार्थी भर्ना गराउन बाध्य भएकाले नेवार भाषाको माध्यम छोडेर नेपाल भाषा विषय मात्र नेवार (नेपाल) भाषाको माध्यमबाट, भाषा विषय (नेपाली) नेपाली र अङ्ग्रेजी माध्यम गरी त्रैभाषिक माध्यम अपनाउन थाल्यौं ।*

यस भनाइले मातृभाषामा शिक्षा एकल मातृभाषी विद्यार्थी भएको विद्यालयमा प्रभावकारी हुने सङ्केत गर्दछ । हरेक भाषाको अस्तित्व र जातीय पहिचान जोगाउन मातृभाषा र शिक्षालाई जोड्ने प्रकृतिको शिक्षण सिकाइ पद्धति बहुभाषिक शिक्षाको अवधारणा (युनेस्को, सन् २०१०) विकसित भएपछि मातृभाषासँगै सरकारी र

अन्तर्राष्ट्रिय भाषालाई एकैसाथ शिक्षण सिकाइमा उपयोग गरिने पद्धति (त्रैभाषिक माध्यम) प्रयोगमा आएको देखिन्छ । तसर्थ मातृभाषामा शिक्षाले घरको भाषा, विस्तृत सञ्चारको भाषा र अन्तर्राष्ट्रिय भाषालाई शिक्षाको माध्यम बनाउन सुझाएअनुसार विद्यालयले त्रैभाषिक शिक्षा पद्धति अवलम्बन गरेको छ । शतप्रतिशत मातृभाषी विद्यार्थीहरू भएका प्राथमिक विद्यालयमा मातृभाषाका माध्यमबाट शिक्षा दिनु उपयुक्त हुने सुझाव दिएको छ (राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन, २०५०) । एकमात्र मातृभाषी विद्यालय भएको र हाल बहुभाषिक विद्यालय भएकाले सानै कक्षादेखि बहुभाषिक माध्यममा गरेको अभ्यास प्रभावकारी भएमा शैक्षिक, आर्थिक र सामाजिक रूपले विद्यार्थीको जीवनमा ठूलो महत्त्व रहने देखिन्छ ।

**निष्कर्ष**

सबैका लागि शिक्षा भन्ने अभियानस्वरूप विश्वमा विकसित चिन्तनलाई स्वीकार गरी नेपालले बहुभाषिक शिक्षाको अवधारणा विकसित गरेको देखिन्छ । मातृभाषामा शिक्षा दिनका लागि भए गरेका कानुनी एवम् संवैधानिक हक र अधिकार साथै तय गरिएका बहुभाषिक शिक्षा नीति र रणनीतिहरू एक आपसमा छरिएका र बाझिएका देखिन्छन् । स्थानीय पाठ्क्रमअन्तर्गत स्थानीय विषयको छनोट गर्दा स्थानीय तह र सरकारका रणनीतिले विद्यालयका बहुभाषिक विद्यार्थीको मातृभाषालाई छनोट गर्नुपर्ने नीतिगत व्यवस्थालाई भने व्यवहारमा ल्याएको देखिँदैन । स्थानीय तहको निर्णयअनुसार नेवार (नेपाल) भाषा माध्यमबाट पठनपाठनको थालनी गरिएको विद्यालयका विभिन्न गतिविधिमा नेवार भाषाको प्रभावकारी उपयोगले मातृभाषा संवर्धनमा ठूलो भूमिका खेलेको देखिन्छ । कक्षामा सम्बोधन साथै पठनपाठनको पूर्ण माध्यम अन्य भाषी विद्यार्थीको तुलनामा नेवार मातृभाषी विद्यार्थीमा बढी प्रभावकारी मानिनुका साथै प्रारम्भिक कक्षादेखि नै नेपाल भाषाको माध्यमबाट पढेका गैर नेवार मातृभाषी विद्यार्थीले समेत बहुभाषिक शिक्षाको अवसर पाएको देखिन्छ । नेपाल भाषा विषयमा उत्कृष्ट नम्बर ल्याउने र सिर्जनात्मक कार्यमा मातृभाषाको उपयोग गर्नेलाई दिइने विभिन्न प्रकारका पुरस्कारले विद्यार्थी झन मातृभाषातर्फ सकारात्मक बनेको देखिन्छ । मातृभाषालाई सिकाइको जग मानेर बहुभाषिक शिक्षा दिने राज्यका नीति र रणनीति अन्योलग्रस्त भए पनि वैयक्तिक र संस्थागत रूपमा खोलिएको एकल मातृभाषी विद्यालयमा हाल बहुभाषिक विद्यार्थी भएको अवस्थामा समेत मातृभाषा संवर्धनका लागि विभिन्न गतिविधिमा नेवार (नेपाल) भाषाको उपयोग गरी बहुभाषिक क्षमता अभिवृद्धि गराएको अवस्था अध्ययनको निष्कर्ष रहेको छ ।

**सन्दर्भ सामग्री**

आचार्य र अन्य (सन् २००९), *बहुभाषिक शिक्षा नीति र रणनीति, बहुभाषिक शिक्षा कार्यक्रम,* शिक्षा विभाग, सानोठिमी भक्तपुर ।

नेपाल अधिरज्यको संविधान (२०४७), काठमाडौं: कानुन किताब व्यवस्था समिति ।

नेपालको अन्तरिम संविधान (२०६३), काठमाडौं: कानुन किताब व्यवस्था समिति ।

नेपालको संविधान (वि.सं. २०७२), कानुनी किताब व्यवस्था समिति, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र,(२०६२), *प्राथमिक शिक्षा पाठ्यक्रम,* सानोठिमी भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय पाठ्यक्रम प्रारूप (वि.सं. २०७६), सानोठिमी भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित) (२०७६), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय: सानोठिमी भक्तपुर ।

बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका (२०६६), काठमाडौं: नेपाल सरकार शिक्षा मन्त्रालय ।

राष्ट्रिय भाषानीति सुझाव आयोगको प्रतिवेदन (२०५०), काठमाडौं: राष्ट्रिय भाषानीति सुझाव आयोग ।

लोप्चन, लोकबहादुर (२०७६), विद्यालयमा तामाङ भाषाको शैक्षणिक प्रयोग, विद्यावारिधि (पिएच.डी.) अप्रकाशित शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र डीनको कार्यालय कीर्तिपुर, काठमाडौं ।

स्थानीय सरकार सञ्चालन ऐन (२०७४), www.lawcommission.gov.np:

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७२), *नेपालमा बहुभाषिक शिक्षा शिक्षक स्वाध्ययन सामग्री २०७२,* भक्तपुर ।

Bajracharya, P.L., Bhattrai, P., Bhattrai, T., Dahal, M., Gautam, G.N., & other (2020). Multilingual education and Nepal: A concept note. Yadava, Y. P., and Awasthi, L.D. (Eds). (2020). Perspectives on mother tongue based multilingual in Nepal. Kathmandu: Nepal Academy.

Creswell, J. W. (2006). Qualitative Inquiry and Research Design: Choosing Among five Approaches. New Delhi: Sage Publication.

Mabiletja, M.M., (2015). The transition to multilingual educationin South African school. An Unpublished Dissertation of PhD, University of South Africa.

Seel, A., Yadava, Y. P., & Kadel, S. (2015). Medium of instruction and languages of education (MILE): Ways forward for education policy, planning, and practice in Nepal: Final report. A report submitted to the Ministry of Education and DFID.

Skutnabb-Kangas, T. & Carty, M.C. (2008). Key Concepts in bilingual education: ideological, historical, epistemological and empirical foundations. DOI:10.1007/978-0-387-30424-3_112

Skutnabb-Kangas, T. & Mohanty, A. (2020). Policy and Strategy for MLE in Nepal. Yadava, Y.

P., and Awasthi, L.D. (Eds). (2020). Perspectives on mother tongue based multilingual in Nepal. Kathmandu: Nepal Academy.

Skutnabb-Kangas, T. (1989). Multilingualism and the education of minority children. In Skutnabb-Kangas, T. & Cummins, J. (Eds.). Minority education: From shame to struggle. Clevedon/Philadelphia: Multilingual Matters. 10 – 43.

UNESCO. (2010). Non formal education to boost literacy in Nepal. UNESCO. htt:/ www.unesco.org/en/literacy-prizes/winner-2010/Nepal

UNESCO. (2003). Education in a multilingual world. UNESCO Education Position Paper. Paris: UNESCO. Retrieved from http://unesdoc.unesco.org/ images/0012/001297/129728e.pdf United Nations.

UNESCO. (2011). Enhancing learning of children from diverse language backgrounds: Mother tongue-based bilingual or multilingual education in the early years. Paris: UNESCO.

World Declaration on Education for All, Jomtien, Thailand. (1990), https://www.academia.edu.com